मिति २०७५/०७/१३ को माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# सामाजिक सञ्जाल र मोबाइल फोन सञ्चालन तथा प्रयोगसम्बन्धी मार्ग निर्देशन, २०७५

सूचना तथा सञ्चार प्रविधिमा आएको द्रुततर विकाससँगसँगै सार्वजनिक सञ्चारका साधन तथा मिडिया, फेसबुक, ट्वीटर, इमो, भाइबर जस्ता सामाजिक सञ्जालहरूको प्रयोगमा बढोत्तरी हुँदै आएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीहरू र विद्यालयका शिक्षक तथा कर्मचारीहरूबीच पनि सामाजिक सञ्जालहरूको प्रयोगले व्यापकता पाएको छ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका निकायहरूद्वारा सार्वजनिक सेवा प्रवाहका क्रममा भए गरेका काम कारबाही, प्रस्तावित नीति तथा कार्यक्रमहरू जस्ता विषयहरूमा अमर्यादित भाषामा टिका-टिप्पणी गर्ने, आन्तरिक विषयहरू परिपक्व नहुँदै सार्वजनिक गर्ने, सरकारको नीति तथा निर्णय विपरीतका भनाइहरू वालमा पोष्ट गर्ने, सार्वजनिक सेवामा आवद्ध व्यक्तिहरूको मानमर्दन हुनेगरी टिका टिप्पणी गर्ने, सरुवा र बढुवा लगायतका विषयमा पक्ष विपक्षमा विभाजित भई मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूबाट सामाजिक सञ्जालमा अभिव्यक्त गर्ने कार्यलाई निरुत्साहन गर्नु आवश्यक छ । राजनीतिक पार्टीका नेताहरू, कार्यकारी प्रमुखहरू, उच्च तहका पदाधिकारीहरूको व्यङ्ग्यात्मक कार्टुनहरू निर्माण गर्ने, सेयर गर्ने, कुनै राजनैतिक दल विशेषको समर्थन वा विरोधमा विचार व्यक्त गर्ने, कुनै सम्प्रदाय विशेषको पक्ष वा विपक्षमा विचार व्यक्त गर्ने, अरुले व्यक्त गरेका वा सेयर गरेका त्यस्ता नकारात्मक विचारहरूमा टिप्पणी गर्ने र सेयर गर्ने, सम्मानित व्यक्तित्वहरूको चरित्र सम्बन्धमा अनावश्यक टिप्पणीहरू गर्ने, राजनीतिक पार्टीको झण्डा कभर फोटोमा राख्ने, चुनावका समयमा राजनीतिक पार्टीको झण्डा वा उम्मेदवारको फोटो सेयर गरी प्रचार गर्ने लगायतका कार्यहरूलाई सामाजिक सञ्जालमा नियमन गर्नु आवश्यक बन्दै गएको छ।यसरी सामाजिक सञ्जालको सही प्रयोग नहुँदा त्यसको दुरुपयोगबाट राष्ट्रसेवक कर्मचारी र शिक्षकको आचरणमा समेत प्रश्न उठ्ने सम्भावना रहन्छ ।

सामाजिक सञ्जालमा आफ्नो सेवा वा पदीय आचरण विपरीतका कार्यहरू कर्मचारी तथा शिक्षकको मर्यादा अनुरुप बनाउन यसको दुरुपयोग नियन्त्रण गर्नु बान्छनीय भएकाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सामाजिक सञ्जाल सञ्चालन तथा प्रयोगसम्बन्धी मार्ग निर्देशन, २०७५ तत्काल लागू हुने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५।०७।१३ (माननीय मन्त्रीस्तर) गतेको निर्णयानुसार स्वीकृत भई जारी गरिएको छ ।

१. कार्यालयको आधिकारिक सामाजिक सञ्जालका पृष्ठ (पेजहरू) वा ह्याण्डल सम्बन्धमा

क. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका निकायहरू र विद्यालयहरूले सामाजिक सञ्जालमा आफ्ना आधिकारिक पेज वा ह्याण्डलको प्रोफाइल फोटोमा सम्बन्धित संस्थाको बोर्ड देखिने फोटो र कभर फोटोमा आ-आफ्नो निकायको फोटो राख्नुपर्ने छ ।

ख. पेज वा ह्याण्डलको नामाकरण गर्दा कार्यालय वा विद्यालयको पूरा नाम वा नामको सुरुका अक्षरहरू (वेभसाइट हुनेले वेभसाइटमा राखिएको नाम जस्तैः शिक्षा, विज्ञान तथा प्रविधि

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मन्त्रालयको भए MOEST राख्ने र व्याख्या (Description) खण्डमा निकायको पूरा नाम र ठेगाना) अङ्ग्रेजी वा नेपाली भाषामा राख्नुपर्ने छ ।

ग. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको नाममा खोलिने पेजहरू व्यक्तिगत प्रोफाइलका रूपमा नभई सरकारी संस्थागत समूह प्रोफाइल (Government Organization Category) का रूपमा खोल्नुपर्ने छ । हाल सञ्चालनमा रहेका त्यस्ता पेजहरू वा ह्याण्डलहरू ७ दिनभित्र माथि उल्लिखित ढाँचामा रूपान्तरण गरिसक्नुपर्ने छ ।

घ. एउटै सामाजिक सञ्जालमा एउटा कार्यालय वा संस्थाको एकभन्दा बढी पेजहरू वा ह्याण्डलहरू भएमा कुनै एउटालाई आधिकारिक घोषणा गरी अन्यलाई बन्द गर्नुपर्ने छ ।

ङ. सामाजिक सञ्जालका आधिकारिक पेजहरू वा ह्याण्डलहरूको सञ्चालन गर्ने व्यक्ति (Admin) का सम्बन्धमा विद्यालय तथा सम्बन्धित निकायहरुले आ-आफ्नो तालुक निकायमा लिखित विवरण पेस गर्नुपर्ने छ र त्यस्तो विवरण राख्ने जिम्मेवारी सो निकायमा कार्यरत सूचना तथा सञ्चार प्रविधि हेर्ने शाखाको हुनेछ ।

च. सामाजिक सञ्जालका आधिकारिक पेजहरू वा ह्याण्डलहरूमा सम्प्रेषण गरिने सूचना तथा सामग्रीहरू सम्बन्धित संस्थाका कर्मचारीको व्यक्तिगत छविलाई नभई संस्थाको सकारात्मक गतिधिहरूलाई प्रस्तुत गर्ने खालका हुनुपर्ने छ ।

छ. कार्यालयको पेज वा ह्याण्डललाई उल्लेख गरी आएका सूचना, गुनासो वा पृष्ठपोषणको आवश्यकता अनुसार सम्बोधन गर्नुपर्ने छ । कार्यालयको सामाजिक सञ्जालका पेजहरू ह्याण्डलहरूमा राखिने सामग्री कार्यालय प्रमुखबाट स्वीकृत गराई सूचना अधिकारी र प्रवक्तालाई एक-एक प्रति उपलब्ध गराएर मात्र राख्नुपर्ने छ ।

ज. कार्यालयको सामाजिक सञ्जालमा खोलिएका पेज वा ह्याण्डलको जानकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रहने सूचना तथा सञ्चार प्रविधि सम्बन्धी मामिला हेर्ने शाखामा पठाउनु पर्ने छ र सो को इलेक्ट्रोनिक कपी राख्ने जिम्मेवारी सोही शाखाको हुनेछ ।

झ. कार्यालयको आधिकारिक सामाजिक सञ्जाल सञ्चालन गर्दा नेपाल सरकारद्वारा जारी भएको "सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि,२०७५" ले निर्धारण गरेबमोजिम सञ्चालन गर्नुपर्नेछ ।

२. सामाजिक सञ्जालहरूको व्यक्तिगत प्रयोग सम्बन्धमा

क. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरू र विद्यालय तथा विश्वविद्यालयका शिक्षकहरूले सामाजिक सञ्जालमा व्यक्तिगत खाता खोल्दा प्रोफाइल आफ्नो वास्तविक फोटो राख्नुपर्ने छ र प्रोफाइल विवरण ठीक तथा साँचो हुनुपर्ने छ ।

ख. सरकारको नीति, मन्त्रालय वा सरकारी निकायका निर्णयहरू, प्रस्तावित नीतिहरू आफ्नो पेजमा आदान प्रदान (सेयर) गर्न र सकारात्मक टिप्पणी गर्न, लाइक गर्न तथा सेयर गर्न पाइने छ तर त्यस्ता विषयहरूको नकारात्मक टिका टिप्पणी गर्न वा व्यङ्गात्मक शैलीमा

टिप्पणी गर्न, नकारात्मक टिप्पणी मन पराउन (लाइक गर्न) तथा सेयर गर्ने कार्य निजामती कर्मचारी तथा विद्यालय एवम् विश्वविद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीको आचार संहिता विपरीत हुने हुँदा यस्ता कार्यहरू गर्न पाइने छैन ।

ग. राजनीतिक व्यक्तित्वहरू र सरकारी सेवामा रहेका वा निवृत्त कर्मचारीहरूका सम्बन्धमा प्रकाशित अप्रमाणित नकारात्मक समाचारमा टिप्पणी गर्न, त्यस्तो समाचार टिप्पणी र लाइक गर्न तथा सेयर गर्न पाइने छैन ।

घ. कर्मचारीका रूपमा सम्बन्धित ऐन तथा नियमावलीमा तोकिएका आचरण विपरीत देखिने समाचार, चित्र, कार्टुन, फोटो, वृत्तचित्र आदिमा टिप्पणी गर्न, लाइक र सेयर गर्न पाइने छैन । कार्यालयको अनुमति बिना सरकारको नीति तथा नियमका विरूद्ध आफ्नो पदीय मर्यादा जिम्मेवारीलाई नसुहाउने गरी सार्वजनिक मिडिया तथा सञ्चार माध्यममा लेख, रचना तथा अन्तर्वार्ता दिन पाइने छैन। यो बुँदाले सरकारको नीति नियममा सुधार गर्नका लागि विद्यमान अवस्था तथा भावी कार्य दिशाका सम्बन्धमा लेख रचना प्रकाशन गर्न बाधा पुऱ्याएको मानिने छैन । सार्वजनिक मिडियामा अन्तर्वार्ता दिनुपरेमा तालुक कार्यालयबाट अनुमति प्राप्त गरी दिन सकिने छ र त्यस्तो अन्तर्वार्तामा मर्यादित भाषामा शालीन ढङ्गले प्रस्तुत हुनुपर्ने छ । कार्यालयको अनुमति बिना सम्प्रेषित अन्तर्वार्ता आधिकारिक मानिने छैन र अन्तर्वार्ता दिनेले कार्यालयको प्रतिनिधित्व गरेको मानिने छैन र त्यस्ता व्यक्त विचारको जिम्म्वारी व्यक्तिगत हुनेछ ।

ङ. कार्यालय वा विद्यालय समयमा कार्यालय वा विद्यालयको काममा बाधा पर्ने गरी कुनै पनि किसिमको सामाजिक सञ्जाल प्रयोग गर्न पाइने छैन । यसका लागि सम्बन्धित कार्यालय प्रमुखले सूचना तथा सञ्चार हेर्ने प्राविधिकको सहयोगमा फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जाल कार्यालय वा विद्यालयमा सञ्चालन गर्न नमिल्ने गरी इन्टरनेटको सेटिङ मिलाउन लगाउनु पर्ने छ ।

च. सरकारी कर्मचारीले कार्यालयको कार्य सम्पादनका सिलसिलामा गर्नुपर्ने कामहरूका सम्बन्धमा खिचिएका फोटो तथा घटना व्यक्तिगत कार्य गरे जस्तो गरी सामाजिक सञ्जाल खातामा राख्न, टिप्पणी गर्न, लाइक गर्न र सेयर गर्न पाइने छैन । कार्यालयको खर्चमा भ्रमण गर्ने व्यक्तिले व्यक्तिगत रूपमा खिचिएको धार्मिक स्थल, बाटो, तालतलैया वा भ्रमण गरिएका स्थानहरूको सामाजिक सञ्जालमा राख्न पाइने छैन ।

छ. कुनै पनि कार्यक्रम सञ्चालन भईरहेको अवस्थामा सहभागीले मोवाइल फोन प्रयोग गरी अनावश्यक फोटो खिच्न पाईने छैन। फोटो खिच्नका लागि आयोजकले विशेष व्यवस्था नै गर्ने हुनाले आवश्यक परेमा आयोजकमार्फत् नै फोटो लिन सकिने छ । कुनै पनि कार्यक्रम वा स्थानमा बिना स्वीकृति फोटो खिच्न पाईने छैन । कुनै कारणवश खिचिएमा स्वीकृति नलिइकन फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जालमा अपलोड गर्न, टिप्पणी गर्न,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

लाइक र सेयर गर्न पाइने छैन । बिना स्वीकृति अपलोड गर्ने, टिप्पणी गर्ने, लाइक र सेयर गर्ने कार्य गरेमा प्रतिलिपि अधिकार र व्यक्तिको गोपनीयताको हक विरूद्ध कार्य गरेको भनी आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइने छ ।

ज. आफ्नो खाताबाट कस्ता पेजहरू टिप्पणी गर्ने, लाईक गर्ने वा सेयर गर्ने भन्ने कुरा माथि उल्लिखित बुँदाहरूको परिधिमा रही निर्धारण गर्नुपर्ने छ । अनावश्यक रूपमा टिप्पणी गर्ने, लाइक गर्ने र सेयर गर्ने गरेमा कानुनबमोजिम दण्डनीय हुनेछ ।

झ. आफ्नो कार्यालय अन्तर्गतका कर्मचारीहरूको सामाजिक सञ्जालको प्रयोगको अनुगमन सम्बन्धित कार्यालय प्रमुखले गरी सोको अभिलेख राख्नुपर्नेछ ।

ञ. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सामाजिक सञ्जालको प्रयोगको अनुगमन सम्बन्धित प्रधानाध्यापकले गरी सोको अभिलेख राख्नुपर्नेछ ।

ट. विश्वविद्यालयहरू र अन्तर्गत क्याम्पसहरूमा कार्यरत शिक्षक तथा कर्मचारीको सामाजिक सञ्जालको प्रयोगको अनुगमन सम्बन्धित विश्वविद्यालयले गरी सोको अभिलेख राख्नुपर्नेछ ।

३. कर्मचारीले कार्यालयको कार्य कक्षमा, बैठक कक्षमा मोवाइल फोनलाई भाइब्रेसनमा राख्नु पर्नेछ। फोनको प्रयोग गर्नु पर्दा अरूलाई बाधा नपर्ने गरी गर्नु पर्नेछ । कुनै बैठकमा बस्दा वा कुनै समारोहमा रहँदा पनि मोवाइल फोनलाई साइलेन्ट मोडमा राख्नु पर्नेछ, बैठक वा समारोहलाई बाधा पुग्ने गरी मोबाइल फोन प्रयोग गर्नु हुँदैन ।

४. शिक्षकले कक्षाकोठामा र शिक्षण सिकाइ क्रियाकलापलाई नकारात्मक प्रभाव पार्ने गरी कक्षाकोठाभित्र मोवाइल प्रयोग गर्न पाइने छैन । तर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रयोजनका लागि मोबाइल फोनलाई साधनको रूपमा प्रयोग गर्न सकिने छ ।

५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सो अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरू र विद्यालय वा विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सामाजिक सञ्जालको प्रयोग सम्बन्धी कार्यको अनुगमन गर्नका लागि प्रत्येक कार्यालय/शिक्षालयमा सामाजिक सञ्जाल सञ्चालन तथा नियमनसम्बन्धमा सान्दर्भिक शाखा वा व्यक्तिलाई जिम्मेवारी दिइने छ ।

६. यस मार्गनिर्देशनमा उल्लिखित आधार विपरीतका कार्यहरूका सम्बन्धमा आ-आफ्नो कार्यक्षेत्रभित्र रही सम्बन्धित निकायले कारबाही प्रक्रिया अगाडि बढाउने छ । यो मार्गनिर्देशनको उल्लङ्घनका सम्बन्धमा आकर्षित हुने अन्य कानुनहरू (जस्तैः साइबर कानुन) बमोजिम समेत कारबाही अगाडि बढाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउने छ ।